मिति: २०७७ फागुन ५ गते

## संयुक्त प्रेस विज्ञप्ति

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको माननीय (मन्त्रीस्तर) मिति २०७१/५/११ को निर्णय अनुसार मिति २०७१/६/१ देखि लागू हुने गरी चिकित्सकले बिरामी जाँच गरे बापत लिन पाउने परामर्श शुल्क निर्धारण भएको र उक्त पत्रमा परामर्श शुल्क प्रत्येक २/२ बर्षमा पुनरावलोकन गरिनेछ भन्ने उल्लेख गरिएको तथा चिकित्सकहरुको परामर्श शुल्क (Consultation Fee) पुनरावलोकनको सिफारिस गर्न गठित समितिले परामर्श शुल्कको सिफारिस गरी नेपाल मेडिकल काउन्सिलको पूर्ण बैठकबाट समेत अनुमोदन भई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश भएको १ वर्ष बितिसक्दा पनि समय सापेक्ष परामर्श शुल्क परिमार्जन नगरिएको व्यहोरा अवगत गराउन चाहान्छौं ।

हालै स्वास्थ्यमा क्रियासिल ट्रेड युनियन तथा पेशागत संघ संगठनहरुको संयुक्त संघर्ष समितिसँग नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २०७७ माघ ४ गते सम्झौता गरी चिकित्सकहरुको परामर्श शुल्कलाई ३० दिनभित्रमा लागू गर्ने प्रतिबद्धता गरिएको तर सोको हालसम्म पनि कार्यान्वयन नभएको हुनाले मिति २०७७ फागुन ४ गते नेपाल चिकित्सक संघ र एसोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन नेपाल (अफिन) को संयुक्त बैठकको निर्णय अनुसार नेपाल राष्ट्र बैंकको मुद्रा स्फीति (Inflation Rate) तथा शुल्क परामर्श समितिले सिफारिस गरेको शुल्कलाई नै आधार मानी निम्नानुसारको परामर्श शुल्क (Consultation Fee) तोकी आजैको मितिदेखि लागू गर्ने निर्णय गरिएकोले सोको कार्यान्वयन गर्न गराउनु हुन सम्पूर्ण चिकित्सक, स्वास्थ्य संस्था तथा अस्पतालहरुलाई यसै विज्ञप्ति मार्फत अनुरोध गरिन्छ ।

| S.N. | Level | Experience | Consultation Fee (Rs) |
|---|---|---|---|
| 1 | MBBS/BDS | 5 Years<br>> 5 Years | 370.00<br>450.00 |
| 2 | Diploma | 5 Years<br>> 5 Years | 515.00<br>590.00 |
| 3 | MD/MS/MDS | 5 Years<br>> 5 Years | 660.00<br>700.00 |
| 4 | DM/Mch | 5 Years | 770.00 |
| 5 | DM/Mch<br>and<br>MD, MS, MDS | > 5 Years<br>> 10 Years | 825.00<br>825.00 |

चिकित्सकहरुको Consultation Fee सम्बन्धी नेपाल सरकारको मिति २०५९/८/२४ को निर्णयको नोटको १ नम्बर बुँदामा रहेको Service Charge लाई स्तरीय नर्सिङहोम, अस्पतालहरुले बढीमा २० प्रतिशत थप लिन पाउने ।

साथै निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवा प्रदायक संस्थाहरुमा मासिक रुपमा नियुक्ति लिई सेवा पुऱ्याउने मेडिकल अफिसर (हाउस अफिसर) हरुको पारिश्रमिकको हकमा न्यूनतम रु ४२,०००। कायम गर्ने गराउने निर्णय गरिएकोले सोको कार्यान्वयनका लागि सम्पूर्ण चिकित्सक, स्वास्थ्य संस्था तथा अस्पतालहरुलाई अनुरोध गरिन्छ ।

भवदीय,

श्री बसन्त चौधरी
अध्यक्ष
एसोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन नेपाल (अफिन)

डा. लोचन कार्की
अध्यक्ष
नेपाल चिकित्सक संघ